अनुसूची-२

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

मोदी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड-७, संख्या-११, मिति २०८०/१२/१५

भाग-२

नेपालको संविधान बमोजिम मोदी गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## स्थानीय सार्वजनिक यातायात सेवा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८०

मोदी गाँउपालीका भित्रका स्थानीय रुटहरुमा यात्रा गर्ने यात्रु, सवारी चालक तथा सवारी धनीको हितलाई मध्यनजर गर्दै स्थानीय सार्वजनिक यातायात व्यवस्थाको नियमन गर्नुपर्ने आवश्यक भएकोले गाउँपालीका क्षेत्रमा चल्ने स्थानीय सार्वजनिक यातायातको दर्ता, अनुमति संख्या निर्धारण, रुट निर्धारण, रुट अनुमति तथा नविकरण, भाडा दर निर्धारण तथा नियमन कार्यलाई व्यवस्थित गर्दै स्थानीय यातायात सेवालाई भरपदों र विश्वसनीय बनाउन वाञ्छनिय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा दफा (११) को उपदफा (ट) को खण्ड (२)को कानूनी व्यबस्थाको कार्यान्वय गर्नका लागि मोदी गाँउ पालीकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी मोदी गाउँपालीका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

# परिच्छेद -१
# प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**(१) यो कार्यविधिको नाम "स्थानीय सार्वजनिक यातायात सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८०" रहेक छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले स्थानीय सार्वजनिक यातायात सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

(ख) "स्थानीय सार्वजनिक यातायात" भन्नाले गाउँपालिकाको क्षेत्र भित्र संचालन हुने सर्वसाधारणसगँ भाडा लिई यात्रा गराउने तथा सामान ढुवानी गराउन सञ्चालित सार्वजनिक टेम्पो, तीन पाङ्गे अटोरिक्सा, ई-रिक्सा, म्यानुअल रिक्सा लगायत सार्वजनिक यातायातको लागि इजाजत प्राप्त गरी' सञ्चालन गरिएका यातायातका साधन सम्झनु पर्दछ ।

(ग) "रुट" भन्नाले "स्थानीय सार्वजनिक यातायात सञ्चालनका लागि मोदी गाउँपालिका क्षेत्र भित्र राजमार्ग सडक बाहेक निश्चित क्षेत्र तोकी रुट इजाजत पत्रमा उल्लेखित रुट सम्झनु पर्दछ ।

(घ) राहत कोष भन्नाले यस कार्यविधिको दफा (१९) बमोजिमको राहत कोषलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चालन अनुमति" भन्नाले मोदी गाउँपालिकाले रुट निर्धारण गरि गाउँपालिका क्षेत्र भित्र सञ्चालन गर्ने अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरि दर्ता भएका र दर्ताको लागि सिफारिस भएका स्थानिय सावर्जनिक यातायातका साधन सञ्चालन अनुमतिलाई सम्झनुपर्दछ ।

(च)क्रसिङ बिन्दु"भन्नाले मोदी गाँउपालीकाको बजार क्षेत्रमा सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजत प्राप्त गरेका स्थानीय सार्वजनिक यातायात हरुले राजमार्ग सडक वारपार गर्ने प्रयोजनका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएका निश्चित संख्याका राजमार्ग सडक वारपार गर्ने स्थान सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले यसै दफा १० (१) बमोजिमको गठित व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

(ज) "स्वरोजगार" भन्नाले आफ्नो वा एकाघर परिवारको नाममा दर्ता कायम (ब्लु बुक) भई सवारी चालक बनुमति प्राप्त गरी आफैले सवारी चलाएको व्यक्ति सम्झनुपर्दछ ।

(झ) "गाउँपालिका" भन्नाले मोदी गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ञ) कार्यालय भन्नाले मोदी गाँउपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ट) "गाउँपालिका क्षेत्र" भन्नाले मोदी गाउँपालिकाको सीमाना भित्रको क्षेत्र भन्ने सम्झनुपर्दछ ।

(ठ) "प्रमुख" भन्नाले मोदी गाँउपालीका अध्यक्षलाई सम्झनुपर्दछ ।

(ड) "उप-प्रमुख" भन्नाले मोदी गाँउपालीकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मोदी गाँउपालीकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

## परिच्छेद -२

## दर्ता तथा नविकरण सम्बन्धी व्यवस्था

**३. दर्ता गर्नु पर्नेः** १.गाउँपालिका क्षेत्रमा सञ्चालन गर्ने गरी दर्ता सिफारिसको लागि कार्यालयमा प्राप्त निवेदनको छानबिन गरी निवेदन प्राप्त भएको मितिले १५ दिन भित्र निर्धारित संख्यामा नबढने गरी सम्बन्धीत निकायमा स्थानीय सार्वजनिक यातायात सेवा दर्ताको लागि सिफारिस गर्नुपर्नेछ। सिफारिसको आधारमा सम्बन्धीत कार्यालयले नियमानुसारको शुल्क लिई सवारी दर्ता गर्न सक्नेछ । दर्ता प्रकृया सम्वन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

२.उपदफा(१)बमोजिम दर्ता भएका स्थानीय सार्वजनिक यातायातको लगत गाउँपालिकाले राख्नेछ ।

(३) गाउँपालिका क्षेत्रमा सञ्चालन हुनेगरी यस कार्यविधिमा उल्लेखित संख्यामा नबढ्ने गरि दर्ताका लागि प्राप्त हुने निवेदन माथी छानविन गरि निवेदन प्राप्त भएको मितिले ३०(तिस) दिनभित्र दर्ता गर्नुपर्नेछ ।दर्ता प्रमाणपत्रको ढाँचा अनुसुची १ बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम दर्ता हुने सवारी साधनको व्यवस्थित अभिलेख खडा गरि पहिचान खुल्ने सवारी साधन ईजाजत नम्बर प्रदान गर्नुपर्नेछ ।

(५) दर्ता भएका सवारी साधनको बार्षिक रुपमा नवीकरण गर्नुपर्नेछ ।

(६) दर्ता तथा नवीकरण शुल्क, रुट ईजाजतपत्र शुल्क,बार्षिक सवारी कर सम्बन्धमा गाउँपालिकाको प्रचलित आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ।आर्थिक ऐनमा उल्लेख नभएको अवस्थामा लगत्तै बस्ने गाउँसभाबाट अनुमोदन हुनेगरी गाउँ कार्यपालिकाले निर्धारण गर्न सक्ने छ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि स्थानीय यातायातका साधन दर्ताको लागि आवश्यक कानुनी व्यवस्था तथा पूर्वाधार एवं जनशक्ति व्यवस्थापन नहुन्जेल सम्मको लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा दर्ताको लागि सिफारिस गरी पठाउन वाधा पर्ने छैन ।

**४.दर्ताको लागि सूचना गर्नुपर्नेः** १) यस कार्यविधि बमोजिम सञ्चालन अनुमतिका लागि कार्यलयले कम्तीमा १५ दिने सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गर्दा प्राप्त भएको निवेदन माथि छानविन गरी दर्ता वा सिफारिस गर्दा देहाय मोजिमको प्राथमिकताका आधारमा सावारी साधन दर्ता वा सिफारिस गर्नुपर्नेछ।

(क) स्थानीय स्वरोजगार महिला ।

(ख) गाउँपालिका क्षेत्रका स्थानीय स्वरोजगार युवा ।

(ग) स्थानीय (गाउँपालिका क्षेत्र) व्यक्ति धनि भै संचालन गर्न लागेको सवारी साधन ।

(घ) बैदेशिक रोजगारीबाट फर्केका स्थानीय युवाले संचालन गर्न लागेका सवारी साधन ।

(ङ) पर्वत जिल्लाको स्थानीय बासिन्दा धनि भै संचालन गर्न लागेको सवारी साधन ।
(च) गण्डकी प्रदेशको स्थायी बासिन्दा धनि भै संचालन गर्न लागेको सवारी साधन ।
(छ) नेपाली नागरिक धनि भै संचालन गर्न लागेको सवारी साधन।

## परिच्छेद-३

## रुट तथा संख्या निर्धारण सम्बन्धी

**६. रुट निर्धारणः** ९१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटको निर्धारण दफा १० (१) बमोजिमको समितिको सिफारिसमा गाँउ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम गाउँ कार्यपालिकाबाट रुट निर्धारण नभएसम्म यस कार्यविधि बमोजिम अनुमति प्राप्त सवारी साधनहरुको रुट देहाय बमोजिम हुनेछ ।

(क) राजमार्ग सडक र गाँउ कार्यपालिकाले सूचना प्रकाशित गरी निषेध गरेको क्षेत्र बाहेकका गाउँपालिका क्षेत्रभित्रका कम्तीमा १५ फुट चौडाई भएको सडक क्षेत्र ।

(ख) गाउँपालिका केन्द्र रहेको स्थान पातिचौर डिमुवा देखि प्रत्येक वडाको प्रशासनिक केन्द्र वडा कार्यालय रहेको स्थान सम्मका पक्की तथा ग्रामीण सडक ।

(ग) रूट निर्धारण सम्बन्धमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार समय समयमा परिवर्तन गर्न सक्नेछ।

(घ) रुट निर्धारण तथा परिवर्तनको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

(ङ) रूट अनुमतिको लागि व्यवस्थापक वा सवारी धनीले कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) यस दफामा माथि जुनसुकै कुरा उल्लेख भएतापनि सवारी साधनको बनावट भारवहन क्षमता, इन्जिनको क्षमता,सडकको अवस्था, सडको बनावटआदिको आधारमा सवारी साधन सञ्चालन गर्न नसकिने ग्रामीण सडकहरुमा सवारी साधन सञ्चालनको लागि रुट अनुमति दिइने छैन ।

**७. संख्या निर्धारणः**

(१) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने स्थानीय सार्वजनिक यातायातको संख्याको निर्धारण दफा १० (१) बमोजिको समितिको सिफारिसमा मोदी गाँउ कार्यपालिकाले गर्नेछ ।

(२) उप दफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण समेतका आधारमा संख्या निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको संख्या गाँउ कार्यपालिकाले समय—समयमा पुनरावलोकन गर्न सक्नेछ ।

# परिच्छेद -४

## संचालन अनुमति (रुट इजाजत) सम्बन्धी व्यवस्था

**८. संचालन अनुमति लिनु पर्नेः** १) मोदी गाँउपालकिा क्षेत्र भित्र सञ्चालन गरिने स्थानीय सार्वजनिक यातायात साधनहरुले प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायबाट दर्ता गरी मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट संचालन अनुमति (रुट इजाजत)को लागि निवेदन पेश गर्नु पर्नेछ ।त्यस्तो निवेदन प्राप्त भए पश्चात कार्यपालिकाले निर्धारण गरेको रुट बमोजिम सम्बन्धित स्थानीय सार्वजनिक सवारीलाई सञ्चालन अनुमति (रुट इजाजत) दिन सक्नेछ ।

२)यस कार्यविधि बमोजिम रुट ईजाजत प्राप्त रुटको अनुमतिको अवधी एक आर्थिक बर्षको हुनेछ । रुट इजाजत प्राप्त स्थानीय सार्वजनिक सवारीले तोकिए बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र इजाजत नवीकरण गर्नु पर्नेछ ।

३) उपदफा (१) र (२) बमोजिम संचालन अनुमति (रुट इजाजत) नलिई गाउँपालिका क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

४) अन्य स्थानीय तहबाट रुट इजाजत प्राप्त सवारी साधनले बिरामी उपचारका लागि विरामी ल्याउन वा फर्काउन मोदी गाउँपालिका भित्रको सडक प्रयोग गरी अन्य स्थानीय तह जान वा फर्कन, शिष्टचार भेटघाट, भ्रमण लगायतको लागि आउन जानको लागि कुनै बाधा पर्ने छैन तर त्यस्ता सवारी साधनले यस गाउँपालिका भित्रका यात्रु ओसारपोसार गर्न पाउने छैनन् ।

५) यस दफामा माथि जुनसुकै कुरा उल्लेख भएतापनि यस कार्यविधिको अधिनमा रही क्रसिङ बिन्दु हुँदै अनुमति प्राप्त रुटमा जान बाधा पर्ने छैन ।

**९. निवेदन दिनु पर्नेः** १)दफा (३) बमोजिम दर्ता र दफा (८) बमोजिम संचालन अनुमति (रुट इजाजत) प्रप्त गर्नको लागि तपसिल बमोजिमका कागजपत्र विवरण संलग्न गरी कार्यालयमा रित पूर्वक निवेदन दिनु पर्नेछ।

क) व्यहोरा खुलेको निवेदन (नामथर, ठेगाना, नागरिकता नं., जारी मिति, जारी जिल्ला समेत खुल्नेगरी)

९ख) सवारी धनीको नेपाली नागरिकताको प्रतिलिपी ।

९ग) सवारी साधन खरिद गरेको मिति र सम्भव भए सम्म खरिद गरेको बिल विजक ।

९घ) सवारी साधनको इन्जिन र चेसिस नम्बर खुलेको ब्लुबुक को छायाँप्रति ९सक्कल ब्लु बुक समेत सँगै लिएर आएको हुनुपर्नेछ।०

९ङ) सवारी चालक आफै भए चालक अनुमति पत्रको प्रतिलिपि तथा अन्य सवारी चालकको रुपमा निज संग प्रचलित कानून बमोजिम करारनामाको कागज र निजको नागरिकताको छायाँप्रति तथा सवारी चालक अनुमति पत्रको छायाँ प्रती ।

९च) प्रचलित कानुन बमोजिम अन्य आवश्यक कागजपत्र ।

(छ) सवारी साधनको विमा गरिएको कागजपत्र

(ज) संघिय र प्रदेश सरकारको निकाय वा विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नम्बर र ब्लु बुकको छायाँप्रति दर्ता हुदाँ रुट इजाजत प्राप्तभएको भए सोको विवरण प्रमाणित हुने कागजत।

(झ)उल्लेखित विवरण र कागजात सहित निवेदन प्राप्त भएमा कार्यालयले आवश्यक छानविन गरि १५ दिन भित्र अनुमति सिफारिस,रुट इजाजत पत्र दिन सक्नेछ ।

(ञ) यस दफा बमोजिम कुनै कारणले दर्ता गर्न नसकिने भएमा कारण सहित सात दिनभित्र निवेदकलाई लिखित रुपमा जानकारी दिनु पर्ने छ ।

## परिच्छेद -५

## संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१०. स्थानीय सार्वजनिक यातायात संचालन तथा व्यवस्थापन समितिः**

(१) गाउँपालिका क्षेत्रमा सञ्चालन हुने स्थानीय सार्वजनिक यातायात संचालन व्यवस्थापन तथा भाडा निर्धारण,रुट निर्धारण र नियमन सम्बन्धी कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

(घ)यातायात व्यवस्था कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि १ जना (सदस्य

(ङ)ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि १ जना — सदस्य

(च)गाउँपालीका प्रमुखले तोकेको कार्यपालिका सदस्य १ जना — सदस्य

(छ) राजश्व शाखाको प्रमुख — सदस्य

(ज) प्रमुख प्रशासकिय अधिकृतले तोकेको प्रविधिक कर्मचारी १ जना — सदस्य

(झ) प्रशासन शाखाको प्रमुख — सदस्य सचिव

उक्त बैठकमा यातायात व्यवसायिक कम्पनीको प्रतिनिधि र यातायात मजदुरको ट्रेड युनियनका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सकिनेछ ।

**२. समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) स्थानीय सार्वजनिक यातायातको दर्ता, रुट निर्धारण, तथा रुट खारेजी तथा स्थानीय यातायात संचालनमा देखिएका समस्याको समाधान गर्ने ।

(ख) स्थानीय सार्वजनिक यातायात सेवाको गुणस्तर, भाडादर लागू अवस्था लगायतको समग्र नियम अनुगमन सुपरिवेक्षण गर्ने ।

(ग) भाडा दर निर्धारणको लागी गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।

(घ) समयसमयमा वा विशेष परिस्थितिमा भाडा दरमा पुनरावलोकनको लागि सिफारिस गर्ने ।

(ङ) सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएका सवारी साधनको दर्ता र रुट खारेजीको लागी सिफारिस गर्ने ।

(च) गाउँपालिका क्षेत्रमा संचालित सवारी साधन, यात्रूको चाप, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई मध्यनजर गर्दै स्थानीय सार्वजनिक यातायातका साना सवारी साधनको संख्या थप घट गर्न गाँउ कार्यपालिकालाई सिफारिस गर्ने ।

(छ) गाउँपालिका क्षेत्रमा संचालित सवारी साधनमा कलर कोड निर्धारण गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।

(ज) यस दफाको प्रयोजनको लागि विशेष परिस्थिति भन्नाले इन्धनबाट चल्ने सवारी साधनको हकमा इन्धनको मुल्यमा भारी बृद्धी भई सञ्चालन लागत महंगो पर्ने अबस्थालाई जनाउदछ ।

३. समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -६

## दण्ड जरिवाना सम्बन्धी व्यवस्था

**११. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः**

१. यस कार्यविधिको विपरीत दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमति विना सवारी संचालन गरे गराएमा वा रुट अनुमति विना सवारी साधन चलाएमा, सवारी चालक अनुमति(लाइसेन्स) प्राप्त नगरी सवारी साधन चलाएको पाइएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा संचालन गरेमा वा शर्त उल्लंघन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ । पहिलो पटक भएमा रु.१०००।- , दोस्रो पटक सोही कसूर गरेमा रु.३०००।- र तेश्रो पटक सोही कसूर गरेमा रु.५०००।-जरिवाना हुनेछ ।

तिन पटक भन्दा बढी पटक सोही कसूर गरेमा दर्ता अनुमति र रुट अनुमति खारेज हुनेछ ।

२) प्रहरीले सवारी चेकजाँच गर्दा उपदफा (१) बमोजिम कसुर गरेको पाईएमा ऐ.उपदफाको खण्ड (क) बमोजिम कारबाहीको लागि गाउँपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।

३) दण्ड जरिवाना सम्बन्धमा स्थानीय ट्राफिक प्रहरीले यस कार्यविधि बमोजिमको जरिवाना गरेको कागजात सहित कार्यालयमा स्वयम उपस्थित भई वा अन्य व्यक्ती मार्फत जरिवाना बुझाउन सक्नेछ।

४)जरिवाना वापतको रकम जरिवाना तोकिइको अवधि देखि बढीमा ३ दिन भित्र गाउँपालिकाको कार्यालय भित्र बुझाईसक्नुपर्नेछ अन्यथा १०५ रकम थप गरि असुल गरिनेछ ।

## परिच्छेद -७

## विविध

**१२. सवारी चालक अनुमति पत्रः** गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनु पर्नेछ ।

**१३. आलोपालो तोक्न सक्नेः** यस कार्यविधि बमोजिम निर्धारण गरिएको सवारी साधनको संख्या बढी भई स्वरोजगार श्रमिकहरूको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेको जस्ता पक्षको विश्लेषण गरि गाउँ कार्यपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीका आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ। आलोपालो प्रणाली जोरविजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ तर आलोपालोको आवरणमा कुनै पनि प्रकारको सिन्डीकेट लागु गर्न पाईने छैन ।

**१४. बिमा गर्नुपर्नेः** सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा सवारी साधनको अनिवार्य रुपमा बिमा गर्नुपर्नेछ ।

**१५. सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्तहरुः** यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा सोही भए बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिमका शर्त पालन गर्नु पर्नेछ ।

(क) सवारी धनी र सवारी चालकको नाम, ठेगाना र फोन नम्वर सहित पहिचान खुल्ने परिचयपत्र सवारी साधनमा सवैले देख्ने गरी राख्नु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनु पर्नेछ ।

(ग)निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(घ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(ङ) सवारी धनीले सवारी चालक र सहचालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी चालक र परिचालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ ।

(च) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी साधन चलाउन पाईने छैन ।

(छ) यात्रुसँग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

(ज) सवारी साधन तिव्र गतिमा चलाउन पाईने छैन । तोकिएको गति सिमाको पालना गर्नुपर्नेछ ।

(झ) तोकीएको स्थान बाहेक सवारी/पैदलयात्रुलाई बाधा पर्ने गरी जथाभावी पार्किङ्ग गर्न यात्रु चढाउन/झार्न पाईने छैन ।

(ञ)सवारी साधनको नियमित मर्मत संभार गरी चुस्तदुरुस्त राख्नु पर्ने छ ।

(ट)सवारी साधन चल्ने रुटको विवरण तथा भाडा दर सबैले देख्नेगरी सवारी साधन भित्र टाँस गरि राख्नु पर्ने छ ।

(ठ)निषेधित क्षेत्रमा सवारी साधन चलाउन पाईने छैन ।

(ड) यात्रुसंग मर्यादित ब्यवहार गर्नुपर्ने छ र तोकियको भन्दा बढी भाडा लिन पाईने छैन ।

(ढ) गाउँपालिकाले तोकेको लक्षित वर्गलाई गाउँ कार्यपालिकाले तोके बमोजिम भाडामा छुट दिनपर्ने
(ण)भाडा छुट सम्बन्धमा अन्य व्यवस्था प्रचलित संघिय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।
(त) सवारी साधनको दर्ता प्रमाणपत्रमा उल्लेखित सिट क्षमताभन्दा बढी यात्रु राख्न पाइने छैन।

**१६. तीन पाङ्ग्रे सवारी साधनको आयुः**(१) दर्ता अनुमति लिई रुट इजाजत प्राप्त तीन पाङ्गे सवारी साधनको आयु प्रचलित कानुन
बमोजिम हुनेछ।कानुन बमोजिम आयु समाप्त भए पश्चात उक्त तीन पाङ्गे सवारी साधनको धनीले स्वंय नष्ट गर्नु पर्नेछ।त्यसरी नष्ट नगरेमा उक्त तीन पाङ्गे सवारी साधनको दर्ता तथा रुट इजाजत खारेज गरिनेछ ।

(२) यस कार्यविधि बमोजिमको प्राविधिक जाचँबाट संचालन योग्य नदेखिएमा जुनसुकै बेला स्वतः दर्ता तथा रुट इजाजत खारेज हुनेछ ।

(३) उपदफा (१) बमोजिम खारेज भएको दर्ता नं. मा सोही स्थानीय सार्वजनिक यातायात धनीले चाहेमा सोहि प्रकृतिको नयाँ सार्वजनिक यातायातका साधनमा प्रचलित कानुन बमोजिम कायम गर्न सक्नेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य यातायात व्यवस्था कार्यालयमा दर्ता भई संचालन भएका ई—रिक्सा, तीन पाङ्गे सवारी साधनहरुको हकमा यसै कार्यविधि बमोजिमको प्रकृयामा आई यातायात व्यवस्था कार्यालयबाट ठाउँसारी गर्नु पर्नेछ ।त्यसरी ठाँउसारी नभएका तीन पाङ्गे सवारी साधन (अटो) हरुलाई रुट इजाजत उपलब्ध गराइने छैन ।

(५) ठाउँ सारी गर्न कम्तिमा ३५ दिनको सूचना गरिनेछ ।

**१७. पटके बाटो इजाजतपत्रः (१)** विशेष काम परि कुनै सार्वजनिक सवारीलाई रुट इजाजत पत्रमा लेखिएको रुट बाहेक अन्य कुनै बाटोमा सवारी साधन चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके बाटो इजाजत पत्रको लागि अनुसूची २ को ढाँचामा तोकिएको दस्तुर संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी इजाजत प्रदान गर्नुपर्ने आवश्यक देखेमा बढीमा ३ (तिन) दिनसम्मको लागि पटके रुट इजाजतपत्र प्रदान गर्न सक्नेछ।

(३)पटके इजाजत पत्रमा उल्लेखित अवधि बाहेक उक्त रुटमा यातायातको साधन सञ्चालन गर्न पाइने छैन।

**१८.यातायात मजदुर राहत कोष सम्बन्धी व्यवस्थाः** (१)गाँउपालिका क्षेत्रमा सार्वजनिक यातायात सञ्चालन गर्ने गरी सञ्चालन अनुमति लिएका यातायात व्यवसायी तथा मजदुरहरूलाई राहत क्षतिपूर्ति उपचार खर्च आदि प्रदान गर्नको लागि गाँउपालिका मा एउटा राहत कोष स्थापना गर्न सकिनेछ ।

(२)उपदफा (१) बमोजिम स्थापना भएको राहत कोषमा देखाए बमोजिमको रकम जम्मा हुनेछ ।

(क) गाँउपालिकाले वार्षिक बजेटमा विनियोजन गरी जम्मा गरिदिएको रकम ।

(ख) यातायात व्यावसायमा संलग्न व्यवसायीक कम्पनीले जम्मा गरेको रकम ।

(ग) विभिन्न संघसंस्था व्यक्ति आदिबाट प्राप्त सहयोग रकम ।

(घ)यातायात मजदुरले जम्मा गरेको रकम ।

(३) यातायात व्यवसायी तथा कम्पनीले वार्षिक रुपमा आर्जन गरेको मुनाफाको ५ (पाँच) प्रतिशतले हुन आउने रकम राहत कोषमा अनिवार्य जम्मा गर्नुपर्नेछ।

(४) राहत कोषमा जम्मा भएको रकम देखाएको क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ ।

(क) मुटुरोग, मृगौला, क्यान्सर जस्ता रोगबाट ग्रस्त सवारी धनी वा मजदुरको उपचार खर्च।

(ख) योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्धताको लागि।

(ग) यातायात व्यवसायी तथा मजदुरको एकै घरका सदस्यको मृत्यु भएमा
काजक्रिया खर्च प्रदान गर्न।

घसवारी धनी वा यातायात मजदुरको योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा आबद्धताको लागि

(घ) यातायात सेवा सञ्चालनको क्रममा हुने विभिन्न दुर्घटनामा परेको व्यवसायी वा मजदुरको उपचार खर्च एवं सवारी साधनको मर्मत सम्भार खर्च ।

(५) राहत रकम उपलब्ध गराउन सम्बन्धित मजदुर वा एकाघरको निवेदन र सम्बन्धित यातायात कम्पनीको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ ।

(६) राहत कोषको सञ्चालन तथा व्यवस्थापनः राहत कोषको सञ्चालन तथा व्यवस्थापनको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ।

**१९. निषेधित क्षेत्र सम्बन्धी व्यवस्थाः** देहायका क्षेत्रलाई निशेधित क्षेत्र तोक्न सकिनेछ ।

क)सवारी साधन चलाउन नपाईने गरी दफा (१०)बमोजिम गठित समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निषेधित क्षेत्र तोक्न सक्ने छ ।

ख) निषेधित क्षेत्र तोकिएको सूचना स्थानिय राजपत्रमा प्रकाशन गर्नुपर्ने छ ।

**२०। बाधा अड्काउ फुकाउः** यस कार्यविधिको प्रचलनमा कुनै कानुनी दुविधा,बाधा वा अड्चन आई परेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ ।

**२१। संसोधन र खारेजीः** यस कार्यविधिमा कुनै संसोधन गर्नु परेमा गाउँ कार्यपालिकाले आवश्यक संसोधन गर्नुपर्ने छ ।

**आज्ञाले**
**राम प्रसाद शर्मा**
**प्रमुख प्रशासकिय अधिकृत**

**अनुसूची १**

**दफा ३ सँग सम्बन्धित**

तिन पाङ्ग्रे सवारी साधन (अटो रिक्सा) सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा

मोदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पातिचौर, पर्वत ।

**<u>तिन पाङ्ग्रे सवारी साधन (अटो रिक्सा) सेवा सञ्चालन अनुमति पत्र</u>**

मोदी गाँउपालिका स्थानीय सार्वजनिक यातायात सेवा सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि २०८० को परिच्छेद ४ दफा (८) मा व्यवस्था भए अनुसार तपसिल बमोजिमको विवरण भएको व्यवसायी वा कम्पनीलाई यो कार्यविधिको दफा (१७) मा उल्लेखित शर्त तथा आचरणहरू तथा यातायात सेवा सञ्चालन सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानुनमा उल्लेखित व्यवस्थाहरूको पालना गर्ने शर्तमा स्थानीय सार्वजनिक यातायात सेवा सञ्चालन गर्न यो अनुमति प्रदान गरिएको छ।

दर्ता नम्बर.............                                        दर्ता मिति...........................

(१) कम्पनी वा व्यवसायको नामः                    (२) ठेगानाः

(३) सेवा सञ्चालन गर्नुपर्ने स्थान रुटः                (४) सेवा सञ्चालनको किसिमः

(५) सवारी साधनको प्रकारः                          (६) सवारी साधनको दर्ता नम्बरः

(७) सेवा सञ्चालनका कम्पनीको आधिकारिक व्यक्तिको ठेगाना र सम्पर्क नम्बरः

..........................................

**प्रमुख प्रशासकीय अधिकृत**

<u>अनुमति पत्र नवीकरण</u>

| क्र.स | नवीकरण मिति | नवीकरण अवधि वहाल रहने मिति | नवीकरण शुल्क बुझाएको विवरण | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची २
## परिच्छेद ४ दफा (८) सँग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत
मोदी गाँउपालिका पातिचौर पर्वत ।

विषयः रुट इजाजत सम्बन्धमा वा सवारी साधन दर्ता सिफारिस सम्बन्धमा ।

मोदी गाँउपालिका को .........देखि .............सम्म तीन पाङ्ग्रे सवारी साधन प्रयोग गरी स्थानीय सार्वजनिक यातायात सेवा सञ्चालनको लागि तपसिलको विवरण भएको सवारी साधनलाई रुट इजाजत पत्र वा सवारी साधन दर्ता सिफारिसको लागि आवश्यक कागजातसहित निवेदन पेश गरेको छु।

<u>सवारी साधनको विवरण</u>

१. सवारी दर्ता नम्बरः-
२. सवारी धनीको नाम थरः
३. सवारी धनीको ठेगानाः
४. सवारी साधनको निर्माता कम्पनीः
५. सवारी साधनको मोडलः
६. सवारी साधनको इन्जिन नम्बरः
७. सवारी साधनको चेसिस नम्बरः
८. सिट सङ्ख्याः
९. सवारी साधनको रङ निवेदक नाम थर ठेगाना मितिः

...........................

**<u>निवेदक</u>**
**नाम थरः**
**ठेगानाः**
**मितिः**

**अनुसूची ३**
**परिच्छेद ४ दफा ८ सँग सम्बन्धित**

मोदी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर पर्वत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ खण्ड 'ट' (२) अनुसार मोदी गाँउपालिका बाट जारी गरिएको

**स्थानीय यातायात रुट इजाजत प्रमाणपत्र**

१. रुट इजाजत नम्बरः
२. सवारी साधनको दर्ता नम्बर.................................... जारी मिति......................
३. सवारी साधनको विवरण
(क) इन्जिन नम्बरः...................
(ख) चेसिस नम्बरः.....................
(ग) सवारी साधनको प्रकारः...........................
(घ) सवारी साधनको मोडलः..........................
४. रुट इजाजत प्रदान गरिएको क्षेत्रको विवरणः
५. सवारी धनीको नामथर ठेगाना र सम्पर्क नम्बरः

| क्र.स | सवारी धनिको नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|
| | | | |

**रुट इजाजत जारी गर्ने अधिकारीको**
नामः
पदः
दस्तखतः
**मितिः**

**अनुसूची ४**

**सवारी साधन दर्ताको लागि यातायात व्यवस्था कार्यालयमा गरिने सिफारिस पत्रको ढाँचा**

**मोदी गाँउपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पातिचौर पर्वत**

**मितिः.........................**

**विषयः सवारी साधन दर्ताको सिफारिस सम्बन्धमा ।**

**श्री यातायात व्यवस्था कार्यालय,**

**..........................................।**

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ को खण्ड 'ट' (२) अनुसारको सवारी साधन सञ्चालन अनुमति प्रदान गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको विवरण भएको सवारी साधनको दर्ता गरी सवारी दर्ता नम्बर उपलब्ध गराइदिनु हुन सिफारिस साथ अनुरोध छ ।

**<u>सवारी साधनको विवरण</u>**

१. सवारी धनीको नामथरः

२. सवारी धनीको ठेगानाः

३. सम्पर्क नम्बरः

४. सवारी साधनको निर्माता कम्पनीः

५. सवारी साधनको मोडल पाँच सवारी साधनको इन्जिन नम्बरः

६. सवारी साधनको चेसिस नम्बरः

७. सवारी साधनको रंगः

**बोधार्थः** सवारी धनी श्री.......................... यातायात व्यवस्था कार्यालय..............मा आवश्यक कागजात सहित सवारी साधन दर्ताको लागि जानु हुन ।